मोफसलमा सर्वाधिक बिक्री हुने

नेपाल सरकारद्वारा निरन्तर राष्ट्रियस्तरको 'क' वर्गमा सूचीकृत

ग्राहक महानुभावमा अनुरोध

- यहाँहरुको घरमा नियमित पत्रिका नआएमा ।
- समयमै पत्रिका प्राप्त नभएमा ।
- ग्राहक बन्नु परेमा ।
- विज्ञापन दिनु परेमा ।

मेचीकाली सन्देश राष्ट्रिय दैनिक
बुटवल-९, मिलनचोक, रुपन्देही
फोन: ०७१-५३६००५

राष्ट्रिय दैनिक

# मेचीकाली सन्देश

Mechikali Sandesh National Daily

चाडपर्वको संरक्षण र सम्वर्द्धन गरौं । चाडपर्वमा फजुल खर्च नगरौं, हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं । मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-२३ | अंक-२८२ | २०८० असोज १० गते बुधबार | 27 Sept.- 2023 Wednesday | पृष्ठ ४ | मूल्य रू. ६।-

## मालपोतका कर्मचारीको मिलेमतो

# विमानस्थलको ४ बिगाहा १७ कट्ठा जग्गा व्यक्तिको नाममा

■ दिपेश पछाई

भैरहवा, असोज ९ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको रनवेसमेत दलाल र मालपोत कार्यालय रुपन्देहीका कर्मचारीहरुको मिलेमतोमा व्यक्तिका नाममा नामसारी गरेको खुलेको छ । सिद्धार्थनगर नगरपालिका वडा नम्बर १० मा रहेको शवदाह स्थलको जग्गा दलालहरुले व्यक्तिको नाममा नामसारी गरेको तथ्य बाहिरिएको भोलिपल्टै पुनः सो क्षेत्रमा रहेको अन्तर्राष्ट्रिय विमानस्थलको रनवेको जग्गानै जिल्ला मालपोत कार्यालय रुपन्देही र दलालहरुको मिलिमतोमा पर्वतराजकान्त मिश्राको नाममा नामसारी गरेको खुलेको छ ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल परियोजनाले रनवेका लागि अधिहरण गरेको र हाल रनवे रहेको ७ र ३२ नम्बर कित्ता रहेको जग्गा २०८० वैशाख ८ गते जिल्ला मालपोत कार्यालय रुपन्देहीले पर्वतराजकान्त मिश्राको नाममा लालपुर्जा कायम गरिदिएको छ । २०६४ सालमा गौतमबुद्ध विमानस्थलको बिस्तारका लागि अधिग्रहण गरिएको कित्ता नं ७ र ३२ मा हाल रनवे बनेको छ ।

तर मालपोत कार्यालयका कर्मचारीहरुको सेटिङमा रनवेको जग्गा पनि व्यक्तिको नाममा दर्ता गरी मुआब्जाको लागि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल परियोजनामा निवेदन पेश गरेपछि रहस्य बाहिर आएको हो । उनिहरुले रनवे मात्र नभएर विमानस्थलभित्र रहेको कालीमाताको जग्गा पनि व्यक्तिको नाममा नामसारी गरेका छन् ।

उनीहरुले ४ बिगाहा १७ कट्ठा ६ धुर जग्गा पर्वतराज मिश्रको नाममा नामसारी गरेका हुन् । उक्त जग्गा अहिले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल परियोजनामा मुआब्जाका लागि पेस भएको छ । विमानस्थल परियोजनाले सहज तरिकाबाट मुआब्जा दिने हो भने करिब १५ करोड बराबरको मुआब्जा जग्गाधनी मिश्रले प्राप्त गर्ने गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल परियोजनाप्रमुख प्रवेश अधिकारीले बताए ।

**कसरी सुरु भयो जग्गाको विषयमा चलखेल ?**

हाल गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल रहेको क्षेत्रमा २०२२ सालतिर सुजा मिश्राइनको नाममा ३० बिगाहा १४



कट्ठा १४ धुर जग्गा थियो । भूमिसम्बन्धी ऐन २०२१ अनुसार एक व्यक्तिको नाममा ११ बिगाहाभन्दा बढी जग्गा राख्न पाउने अवस्था थिएन । २०२२ पौष ९ गते हदबन्दीन्दा बढी जग्गा भएको चार बिगाहा भन्दा बढी जग्गा कालीमाता मन्दीरको नाममा छाड्ने घोषणा गरिन् । घोषणाकोपत्र पनि हाल निवेदनमा संलग्न छ । निसन्तान रहेकी मिश्राइनको २०२५ माघ १८ गते मृत्यु भयो । ३० बिगाहा जग्गामध्ये ११ बिगाहाभन्दा माथि र कालीमाता मन्दिरलाई दिएको ४ बिगाहाजग्गा भन्दा बाहिर रहेको करिब १५ बिगाहा छुट कित्ताहरुमा नजिकका हकदारहरुले हकदाबी गरी अदालती प्रकृयामा गएसंगै २०६४ मा जिल्ला मालपोत कार्यालय रुपन्देहीले विभिन्न सात कित्ता जग्गा मन्दिर छाडी बाँकी रमाकान्त मिश्रको नाममा कायम गरिदियो ।

मालपोत कार्यालयलको उक्त निर्णयविरुद्ध अर्का पात्र हरीप्रसाद र चन्द्र शेखरले पुनरावेदन अदालतमा फरक-फरक मुद्दा दायर गरे । २०६४ मंसिर २२ मा रमाकान्त मिश्रको मृत्यु हुन्छ । २०६५ भदौ १ गते अदालतले मृतक रमाकान्त मिश्रको नाममा फैसला गर्दछ । मिश्रको मृत्यु पछि नजिकको हकवाला पर्वतराज कान्त मिश्रको नाममा विभिन्न २४ वटा कित्ताबाट हुन आउने १७ बिगाहा ३ कट्ठा जग्गा नाममा आउँछ । ती जग्गामा मोही रहेकाले १० बिगाहा ६ कट्ठा जग्गा मिश्रको नाममा कायम हुन्छ । उल्लेखित जग्गा मिश्रले विभिन्न मितिमा बिक्री गरेका छन् भने एक बिगाहा १ कट्ठा जग्गाको विकानस्थल परियोजनाबाट मुआब्जा पनि लिइसकेका छन् ।

तिनै मिश्रले अहिले हदबन्दीभन्दा बाहिर हुँदा कालीमाता मन्दिरका लागि दिएको जग्गा मालपोत कार्यालय रुपन्देहीका कर्मचारीहरुको मिलेमतोमा छुट कित्ता कायम गरी २०८० वैशाख ८ गते लालपुर्जा कायम गरी मुआब्जाको लागि परियोजनामा पेश गरेका छन् । विमानस्थलमा पेश भएका काजगातमा दुई कित्ता जग्गा २०६४ सालमानै विमानस्थलले अधिग्रहण गरी रनवेसमेत बनाएको छ ।

# कहिले बाहिरिएला मनसुन ?



बुटवल, असोज ९ । वर्षायाम अर्थात् मनसुनको अवधि सकिन लागेको छ । मौसमविद्का अनुसार नेपालबाट मनसुन बाहिरिने सरदर मिति अक्टोबर २ तारिख हो । जुन मिति आउन अब ६ दिन मात्रै बाँकी छ  तर ठ्याक्कै सरदर मितिमै मनसुन बाहिरिने सम्भावना कम हुने मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झाले बताए ।  'यसपटक मनसुन सरदर मितिभन्दा केही दिन ढिला गरी बाहिरिने सम्भावना देखिन्छ', उनले भने, 'किनभने भारतबाट मनसुन बाहिरिनुपर्ने सरदर मिति १७ तारिख नै थियो तर भर्खर हिजो (२५ सेप्टेम्बर) मात्र बाहिरिन सुरू भएको छ ।'  उनका अनुसार भारतको दक्षिण पश्चिम राजस्थान र आसपासका क्षेत्रबाट मनसुन बाहिरिन सुरु गरेको हो । 'उता (भारतमै) नै मनसुन बाहिरिन ढिला भएकाले यता (नेपाल) पनि ढिला हुने सम्भावना देखिन्छ', मौसमविद् झाले भने, 'तैपनि अहिले यसै भन्न गाह्रो हुन्छ, किनभने अझै ६ दिन बाँकी छ ।' यस वर्ष नेपालमा मनसुन भित्रिँदा पनि सरदर मितिभन्दा एक दिन ढिलो जुन १४ तारिख अर्थात् जेठ ३१ गते भित्रिएको थियो। मौसमविद्का अनुसार नेपालको पूर्वबाट भित्रिने मनसुन पश्चिमबाट बाहिरिनेछ । मनसुन बाहिरिने सरदर मिति निजिकिएसँगै वर्षा हुने क्रम घट्दै गएको मौसमविद्ले बताएका छन् ।

'हामी सामान्यतया ३ दिनको मौसम अनुमान गर्छौं', मौसमविद् झाले भने, 'त्यस आधारमा बिहीबारसम्मलाई त्यस्तो ठूलो (भारी) वर्षाको सम्भावना देखिएको छैन ।' मनसुन बाहिरिने सरदर मिति आउन ६ दिन मात्र बाँकी भएकाले यसबीच ठूलो वर्षाको सम्भावना नहुने भए पनि अन्य तत्वका कारण पनि भारी वर्षा हुनसक्छ ।  'मनसुन बाहिरिने बेला सामान्यतया ठूलो वर्षाको सम्भवना हुँदैन,' उनले भने, 'तर अरू तत्व, न्यून चापीय प्रणाली विकास भएमा दसैं-तिहारका बेला पनि ठूलो वर्षा हुन सक्छ ।' मौसमविद् झाका अनुसार मनसुन सकिएपछि 'पोस्ट मनसुन' को सिजन आउँछ । 'अक्टोबर र नोभेम्बर महिनालाई पोस्ट मनसुनको समय मानिन्छ', उनले भने,'डिसेम्बरदेखि विन्टर (हिउँद) सुरु हुन्छ ।' उनका अनुसार पोस्ट मनसुन सुरु भएपछि हिमाली भेगमा हिमपात हुन सुरु हुन्छ । 'धेरै हुँदैन, कतै कतै हुन्छ', मौसमविद् झाले भने, 'पोस्ट मनसुनलाई पर्यटकीय मौसम पनि भनिन्छ ।'

# 'एक वडा, एक बर्थिङ सेन्टर'

बाँके, असोज ९ । बाँकेको राप्तीसोनारी गाउँपालिकाले घरमा हुने सुत्केरी दरलाई शून्यमा झार्न सबै वडामा प्रसूतिगृह (बर्थिङ सेन्टर) सञ्चालनमा ल्याउने भएको छ ।

सुत्केरी हुन सदरमुकाम नेपालगञ्ज वा अन्य छिमेकी स्थानीय तहमा पुग्नुपर्ने बाध्यताको अन्त्य गर्न गाउँपालिकाका नौवटै वडामा प्रसूतिगृह सञ्चालन गरिरहेको गाउँपालिका अध्यक्ष तप्तबहादुर पौडेलले बताए ।

'गाउँपालिकाले सबै वडामा वर्थिङ सेन्टर सञ्चालनको नीति लिएको छ,'उनले भने,'आगामी आर्थिक वर्षभित्र एक वडा एक बर्थिङ सेन्टर सञ्चालन गरेर घरमा हुने सुत्केरी दरलाई शून्यमा झार्ने हाम्रो उद्देश्य छ ।'

अध्यक्ष पौडेलले राप्ती सोनारी गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिएर काम गरिरहेको बताए । गाउँपालिकाले वडा नं ६ कमैयाडाँडामा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा नवनिर्मित प्रसूतिगृह भवनको उद्घाटन गरी प्रसूति सेवा सञ्चालनको तयारी गरेको छ । (बाँकी ४ पेजमा)

# बुटवल उवासंघमा चुनावी सरगर्मी



बुटवल, असोज ९ (मेसस) । यस क्षेत्रकै पुरानो तथा धेरै उद्योगी/व्यवसायी आबद्ध रहेको बुटवल उद्योग वाणिज्य संघको नयाँ नेतृत्वको लागि यहीं असोज १९ गतेदेखि सम्म ७० औं साधारणसभा तथा २५ औं अधिवेशन हुँदैछ । संघको नेतृत्वमा आउन संघ आबद्ध व्यवसायीहरु दुई छुट्टाछुट्टै समूह बनाई आन्तरिक प्रचारप्रसार र भेटघाटमा जुटिरहेका छन् ।  संघको पूर्ववाणिज्य उपाध्यक्ष तथा यस अघिका अध्यक्षका प्रत्यासी हरिप्रसाद अर्याल र वरिष्ठ उपाध्यक्ष दिनेशकुमार श्रेष्ठले छुट्टाछुट्टै समूह बनाउने गरी आफूहरुलाई जिताउन आग्रह गर्दै आफू निकट व्यवसायीदेखि निर्वाचनलाइ प्रभावित पार्न सक्ने व्यक्ति र समूहसम्म पुगेका छन् । अधिवेशनले तीन वर्षे कार्यकालको लागि नयाँ नेतृत्व चयन गर्नेछ ।

बुटवल उवासंघको यसपटकको अधिवेशनले विशेष महत्वका साथ हेरिएकोले चुनावी सरगर्मी बढेको छ । अर्याल विगतको निरन्तरतालाई क्रमभङ्ग गर्ने तयारीमा छन् भने श्रेष्ठ विगतको परिवेशलाई निरन्तरता दिने तयारीमा देखिन्छन् । अर्यालको नेतृत्वमा सबै विचार समुहको सहभागिता मुलक समावेशिता देखिएको छ । चुनावी मैदानमा आउने तयारीमा रहेका दुई समूहमध्ये को नेतृत्वमा आउला भन्ने विषयमा व्यवसायीहरुबीच आ आफ्नो अड्कल काटिरहेका छन् ।

संघमा केही खास व्यवसायीहरु मात्र सधैं हावी भएको भन्दै व्यवसायीहरु नयाँ अनुहार ल्याउन चाहेको बताइन्छ । स्रोतका अनुसार यो पटक अर्याललाई रणनैतिक हिसावले महत्व राख्ने व्यक्तिहरु र व्यवसायीले साथ दिने बुझिएको छ । बुटवलको गिर्दो व्यापारलाई पुरानै लयमा फर्काउने एजेण्डा आफूसँग रहेको अर्यालले बताए । स्थानीय सरकारसँग सहकार्य गरी उद्यमशिलता र व्यापार मैत्री वातावरण बनाउँदै अघि बढ्ने गरी आफू संघको नेतृत्व आउन लागेको स्पष्ट पारे ।

त्यस्तै श्रेष्ठले प्रतिस्पर्धी संघ र प्रतिस्पर्धी बजार बनाएर आफू अघि बढ्ने बताए । श्रेष्ठले बुटवलको विकास पर्यटनसँग जोडिएको भन्दै पर्यटन विकास गरी बुटवललाई चलायमान बनाउन आफूसँग प्रयाप्त एजेण्डा रहेको बताए । अर्याल कार्यसमिति सदस्य, महासचिव र वाणिज्य उपाध्यक्ष भइसकेका हुन् भने श्रेष्ठ कार्यसमिति सदस्य, कोषाध्यक्ष, महासचिव हुँदै वरिष्ठ उपाध्यक्ष भएका हुन् ।

अर्यालले वरिष्ठ उपाध्यक्षमा टंकप्रसाद गैरे, उद्योग उपाध्यक्षमा सुरज भट्टराई, वाणिज्य उपाध्यक्षमा विमलराज भट्टराई, महासचिवमा मुक्तिप्रसाद अधिकारी, कोषाध्यक्षमा बसन्त ढकाल, सचिवमा भेषराज गैरे र सहकोषाध्यक्षमा धनाकुमारी खनाललाई अघि सारेर चुनावी मैदानमा होमिने तयारीमा छन् । त्यस्तै श्रेष्ठले पनि वरिष्ठ उपाध्यक्षमा टंक गैरे, उद्योग उपाध्यक्षमा नवीन श्रेष्ठ, वाणिज्य उपाध्यक्षमा विमलराज भट्टराई, महासचिवमा बाबुराम विक, कोषाध्यषमा प्रकाशकुमार श्रेष्ठ र सचिवमा प्रतिक पौडेललाई अघि सारेर चुनावी प्रतिस्पर्धा गर्ने तयारीमा देखिन्छन् । संघका एक हजार ७७८ व्यवसायी व्यवसायी रहेका छन् । संघका महासचिव विमलराज भट्टराईले समग्र व्यवसायिक हित हुने गरी संघको नेतृत्व चयन हुन आवश्यक रहेको बताए । सकेसम्म संघमा सर्वसम्मत नेतृत्व चयनको प्रयास अन्तिमसम्म जारी रहने भट्टराईको भनाइ छ । बुटवल उवासंघ निजी क्षेत्रको काठमाडौं बाहिरको व्यवसायिक संस्था भएकोले यसको नयाँ नेतृत्व चयनलाई चासोका साथ हेरिँदै आइएको छ ।



## सम्पादकीय

# स्वास्थ्य ख्याल गरेर खानपान गरौं

हालै एक महिनासम्म दर खाएर तीज पर्व सकियो । अरु ठूला चाडपर्वहरु नजिकिएका छन् । यो समयमा प्रायः मानिसले खानपानमा खासै चासो राख्दैन बरु मनपरी खाने गर्छ। यसैपनि हामी आम नेपालीको दैनिकी विलासी, अल्छी र देखासिखीले भरिएको छ । हाम्रो दिनचर्या स्वस्थ र हितकर छैन । रोग लाग्ने/नलाग्ने भनेको दिनचर्याले हो । दिनचर्यामा नियमित एक्सरसाइज गर्नुपर्छ । जीवनलाई स्वस्थ बनाउन सकारात्मक सोंचका साथ मनैदेखि लगाव लगाउन अपरिहार्य छ । स्वस्थ्यलाई हेक्का राखेर मात्रै आनीबानी गरौं र स्वस्थकर खानपानमा ध्यान दिऔं ।

ध्यान गर्नेले ध्यान मात्र गर्ने भन्छ, योग गर्नेले योग मात्र गर्छ । तर त्यस्तो होइन, अनिवार्य 'एक्सरसाइज' गर्नैपर्छ । सुझाव दिन सजिलो हुने तर त्यसलाई उपयोग गर्न र आफैंले लागू गर्न गाह्रो भइरहेको छ । पहिले पहिले धेरे मानिसहरु स्वस्थ थिए, एकछाक खान्थे, योगीहरुले त फलफूल मात्र खान्थे र शारीरिक व्यायामको आवश्यकता पर्दैनथ्यो । सत्‌चरित्र र सात्विक खानपानले धेरैलाई स्वस्थ बनाउँथ्यो । तर, अहिले हाम्रा खानेकुरा स्वस्थकर छैनन्, जसले गर्दा धेरैजसो रोगहरू खानेकुराबाटै लाग्ने गर्छ । के खान्छौं भन्ने कुराले धेरै अर्थ राख्छ।

राम्रा खानेकुरा भनेको प्राकृतिक खानेकुरा हुन् । प्रकृतिसँग एकाकार भएर अघि बढ्न सक्यौं भने हामीलाई रोग नै लाग्दैन । जुन खानेकुरालाई पकाएर खानुपर्दैन, त्यसलाई प्राकृतिक खानेकुरा भनिन्छ। सकेसम्म पकाएर खाने चिज नखाऔं । जसलाई प्रशोधन गर्नुपर्दैन त्यस्ता खानेकुरालाई जोड दिँदा त्यसले शरीर र मुखलाईसमेत सफा गर्छ । रोग निम्त्याउने खानेकुरा भनेको नुन, चिनी तथा गुलियो पदार्थ र तेल हुन् । यी खाद्य पदार्थले मानिसलाई कहिल्यै पनि राम्रो गर्दैन ।

सोचलाई सही राख्यो भने त्यसले सफलता टेक्छ । यदि हेर्ने मानिसको दृष्टि सकारात्मक भयो भने पनि राम्रो हुन्छ । वाणी मिठो भयो भने ९५ प्रतिशत समस्या समाधान हुने दावी छ । मुखले नै हामी अरूलाई वैरी बनाउँछौं । 'साइकोलोजी' समस्या हुने पनि मुख र बोलीले हो । मान्छेको सानो 'अल्सर' त्यसलाई सोच्दासोच्दा 'क्यान्सर' मा विकास भइसकेको हुन्छ । भनिन्छ सोच र चिन्ताले चितासम्म लैजान्छ। ध्यान गर्ने, सात्विक भोजन गर्ने र सकारात्मक सोंच राख्ने हो भने जीवन सुखमय हुने निश्चित छ । धन र दौलत भनेकै स्वस्थ जीवन हो । केबल पैसाका लागि मात्रै दौडिनु भनेको आफैंलाई आफैंले सखापको बाटोमा हिँडाउनु हो ।

# स्मरणशक्ति बढाउने औषधी



ओम बानियाँ

हर कोही व्यक्ति चान्छन् आफ्नो मस्तिष्क शक्ति तथा स्मरण शक्ति तेज होस् भन्ने । मानिसको यस चाहनालाई आधुनिक बजारले नबुझ्ने कुरै भएन ।

त्यसैले मस्तिष्क शक्ति तथा स्मरणशक्ति बढाउने औषधीका नाममा अनेक किसिमका आयुर्वेदिक तथा एलोपेथिक औषधीहरू बजारमा देखा पर्दै आएका छन् । यस्ता औषधी उत्पादकहरूले गरेको आकर्षक विज्ञापन तथा ठूलो प्रचार-प्रसारले गर्दा कतिपय विद्यार्थीले आफ्नो स्मरणशक्ति बढाउन यस्ता औषधी सेवन गर्दै आएको देखिन्छ । यस्ता औषधीले केही समयका लागि मस्तिष्कलाई सजग बनाउने भएता पनि चिकित्सकीय परामर्शबिना यस्ता औषधीहरू सेवन गर्नु ज्यादै खतरनाक हुन्छ ।

यस्ता औषधीहरूले शरीरमा घातक प्रतिप्रभाव तथा दुस्प्रभाव पार्नुका साथै सेवनकर्तालाई दुर्व्यसनी बनाउन पनि सक्दछ । तर, यसको मतलव मस्तिष्क शक्ति तथा स्मरणशक्ति बढाउने अन्य कुनै प्राकृति औषधी-उपचार नै नभएको चाहिँ पक्कै होइन, अवश्य छ । त्यसैले यहाँ यस्ता केही औषधी-उपचार पद्धतिहरू उल्लेख गरिएको छ, जसलाई जोकोहीले सजिलै उपयोगमा ल्यान सक्नुहुने छ ।

**मस्तिष्कमैत्रीय खाद्यपदार्थ :**

मस्तिष्कका लागि भिटामिन, बी १२ तथा सोडियम, पोटासियम, म्याग्निज, फस्फोरस तथा जिंक इत्यादि खनिज पदार्थहरू अत्यावश्यक हुन्छन् । यी खनिज पदार्थहरू हरियो सागपातहरूमा पाइने हुँदा प्रशस्त सागपातहरू खाने गर्नुपर्दछ । यसको अतिरिक्त ओख्खर, बदाम, गाईको दध, नौनी, स्याउ र स्याउको मुरब्बा, किसमिस, मुनक्का, अमला र अमलाको मुरब्बा, चारमगज, गाँजर, जमुना, स्टाबरी तथा ब्ल्याकबेरी आदि जस्ता खाद्यपदार्थहरू मस्तिष्कका लागि निकै उपयोगी देखिएका छन् ।

**अमलाको मुरब्बा :**

स्याउको मुरब्बा तथा अमलाको मुरब्बा मस्तिष्कका लागि अति नै उत्तम मानिन्छ । त्यसैले आफ्नो मस्तिष्क शक्ति तथा स्मरणशक्ति बढाउन स्याउ र अमलाको मौसममा मुरब्बा बनाएर वर्षभरि नै सेवन गर्न सकिन्छ । मुरब्बा बनाउने विधिः सामग्री मात्र): स्याउ (अमला) १ किग्रा, चिनी २ किग्रा (गुलियो कम गर्ने भए १ किग्रा चिनी), साइट्रिक एसिड ५ ग्राम, नून अलिकति

**निर्माण विधि :**

स्याउको बोक्रा छिलेर प्रत्येक स्याउको चारपाँच टुक्राहरू पार्ने (यदि अमलाको मुरब्बा बनाउने हो भने अमला थिचेर भित्री गेडा फालिदिने ) र अलिकति नुन हालेको घोलमा केही बेर डुबाइदिने । त्यसपछि ती टुक्राहरूलाई शुद्ध पानीमा धुने र स्टेनलेस स्टिलको काँटामा उनेर उम्लिएको पानीमा दुई मिनेट जति राखेर निकाल्ने । अनि साइट्रिक एसिड हालेर मैला सफा गरेको चिनीको चासनीमा ती टुक्राहरू डुब्ने गरी हालिदिने र छोपेर रातभरि राख्ने । अर्को दिन स्याउको टुक्रा राखेको चासनीलाई आगोमा तताउने । जब चासनी मह जस्तो लेदो देखिन्छ, तब उतार्ने र ठण्डा भएपछि त्यसलाई शिशीमा भरेर राख्ने । यसरी राख्दा स्याउको टुक्रा चासनीमा डुबेको हुनुपर्दछ । शिशीको बिर्को हावा नपस्ने गरी राख्ने हो भने यो मुरब्बा वर्षौंवर्ष तक बिग्रिँदैन । यसरी आवश्यकताअनुसार मुरब्बाको मात्रा बढाएर वर्षभरि सेवन गर्न सकिन्छ ।

**मात्र र सेवन विधि :**

मुरब्बाको १-२ टुक्रा बिहान खाली पेट वा दिउँसो खाना खाएको १ घण्टापछि खाने । तर बिहान खानु सर्वोत्कृष्ट हुन्छ ।

**गाजरको सलाद :**

एउटा गाजर र ५०-६० ग्राम बन्दगोपी, मसिनो गरी काटेर प्लेटमा राख्ने । अलिकति हरियो धनियाँ काटेर मिसाइदिने । त्यसपछि इच्छानुसार सिंधेनुन र कुटेको मरीच छरिदिने । मौसमको बेलामा प्रतिदिन भोजनका साथ बिहान-बेलुकी खूब चपाएर खाने । यो योगले मस्तिष्कसँगै आँखालाई पनि तेजिलो पार्दछ ।

**जडीबुटी तथा आयुर्वेदिक औषधी :**

आयुर्वेदका अनुसार मस्तिष्क तथा स्मरणशक्ति बढाउन सहयोग गर्ने केही प्रमुख जडीबुटी तथा आयुर्वेदिक औषधीहरू यस प्रकार छन् । घोडताप्रे (ब्राह्मी), बोझो (वच), शंखपुष्पी, अश्वगन्ध, बदाम, ज्योतिष्मति, जिंको बिलोबा, तुलसी, पिपलको फल, मुलेठी, ओखर, अमला, स्ट्राबरी तथा सर्पगन्ध आदि । आर्युेदिक औषधीः सारस्वत चूर्ण, शंखपुष्पी सीरप, स्मृति कल्प रस, अश्वगन्धारिष्ट, मेन्टेट सीरप, जिंको बिलोबा, सेन्ट जोन्स वर्ट तथा जिनसिङ, ब्रह्मीघृत, दिव्य मेधावटी, खमीरा गावजंबा अम्बरी (युनानी औषधी), एनाकार्डियम-३० शक्ति (होमियोप्याथिक औषधी)

**घरेलु उपाय :**

यहाँ एउटा यस्तो घरेलु उपाय प्रस्तुत गरिएको छ, जुन बलवर्द्धक, मेधाशक्तिवर्द्धक छ । प्रत्येक वर्ष जाडो मौसम (पुस-माघ) मा कम्तीमा पनि ४० दिनसम्म निम्नलिखित आयुर्वेदिक योगको सेवन गरेर यसको चमत्कार हेर्नुहोस् । यदि सम्भव भएमा यो योगको सेवन वर्षभरि नै गर्न सकिन्छ ।

आवश्यक सामग्रीहरू मात्र (दैनिक)
शंखपुष्पी चूर्ण : २ ग्राम
घोडताप्रे (ब्राह्मी)चूर्ण : २ ग्राम
बोझो (वच) चूर्ण : २ ग्राम
बदाम : २ दाना
काक्रो, लौका, फर्सी तथा खरभुजाको बीउ : १० ग्राम
पिस्ता : २ दाना
छोहोरा : १ वटा
अलैंची : ४ वटा
सौफ : ५ ग्राम
नौनी वा घ्यू : १ चम्मा
दुध (स्थानीय गाईको दुध उत्तम हुन्छ) एक गिलास

राती एक कप पानीमा बदाम २ दाना, पिस्ता २ दाना, छोहोरा १ दाना, तथा काक्रो, लौका, फर्सी तथा खरभूजाको बीउ १० ग्राम एउटा कचौरामा भिजाएर राख्ने । बिहान नित्यकर्मबाट निवृत्त भएपछि बदामको बोक्रा हटाएर सिलौटामा पानी हालेर घोट्ने र लेप कचौरामा निकाल्ने ।

पिस्ता, छोहोरालाई स-साना टुक्रामा काटेर त्यसैमा मिसाउने । काँक्रो, लौका आदिको बीउ पनि कचौरामा हाल्ने । अलैंची पनि कुटेर राम्रोसँग मिसाउने । त्यसपछि त्यो मिश्रणलाई खूब राम्रोसँग चपाएर खाने । त्यसपछि शंखपुष्पी, घोडताप्रे र बोझोको चूर्णलाई नौनी वा घ्यूमा मिसाएर चाट्ने र एक गिलास मनतातो दूध पिउने । अन्त्यमा सौंफ मुखमा हालेर चपाउने, १५-२० मिनेटसम्म । अनि निल्ने । यो आयूर्वेदिक योग ज्यादै बलवर्द्धक तथा मेधाशक्तिवर्द्धक छ । सेवन गरेर लाभ उठाउन सकिन्छ ।

**होमियोप्याथिक औषधी :**

ब्राह्मी, एविना सटाइवा, कालीफास, सल्फर, फस्फोरस तथा एनाकार्डियम जस्ता औषधि लक्षणअनुसार स्मरणशक्ति बढाउन निकै उपयोगी मानिएका छन् । जस्तो कि स्मरणशक्तिको कमी, सन्देह तथा भ्रमको चक्रव्यूहमा फसेका रोगीहरूको लागि एनाकार्डियमभन्दा श्रेष्ठ औषधी होमियोप्याथीमा छैन । यदि विद्यार्थीहरू परीक्षाप्रति भयभित हुन्छन्, के गरुँ के नगरुँको स्थितिमा रहन्छन्-मनमा भ्रमहरू तथा भयका विचारहरू घुमिरहन्छन् भने यस्ता विद्यार्थीले एनाकार्डियम ३० शक्तिको ४-४ गोली दिनको तीनपटक लाभ नहुँदासम्म सेवन गर्नुपर्दछ ।

विद्यार्थीले परीक्षा सुरु हुनुभन्दा १५ दिन अगाडि देखि एनाकार्डियम तीस शक्तिको ४ गोली दिनको तीनपटक सेवन गरेको खण्डमा आश्चार्यजनक लाभ देखा पर्ने बताइएको छ । यसका साथै मिमुलस तथा स्कलरेन्थस जस्ता बेच फ्लावर मेडिसिनले पनि स्मरणशक्ति बढाउन सहयोग गर्दछ ।

यसका लागि यी दुवै बेच फ्लावर औषधीहरूको ५-५ थोपा दुई तीन चम्चा पानीमा हालेर दिनको तीन पटक लाभ नहुन्जेल सेवन गर्ने । औषधीहरू सेवन गर्दा चिकित्सक तथा वैधको सल्लाह लिनु राम्रो हुन्छ । होमियोप्याथीक औषधी सेवन गर्नुभन्दा आधा घण्टा पहिला र आधा घण्टा पछिसम्म कुनै पदार्थ र औषधी सेवन गर्नु हुँदैन । (मेचीकाली अर्काइभ)

## ब्रेनका लागि ब्राह्मी घृत



ब्राह्मी घृत आयुर्वेदिक तरिकाले बनाएको एक प्रसिद्ध औषधीय घिउ हो । जसको उपयोग ३ हजार वर्षदेखि हुँदै आएको छ । पुरानो घिउ, ब्राह्मी, शंखपुष्पी, बोझो, कुट आदि दिव्य औषधीहरुबाट यो घृत तयार गरिन्छ । ब्राह्मी घृत मस्तिष्कको औषधी हो । यसले मस्तिष्कलाई शक्तिशाली बनाउनको साथै मस्तिष्कजन्य समस्याहरु जस्तैः मिर्गी, हिस्टेरिया, अवसाद, एडीएचडी, स्मरणशक्तिको कमी, मनोविकार, तोतेबोली तथा हकलाउने समस्याहरुमा निकै राम्रो प्रभाव देखाउँछ ।

# दिगो विकासका लागि कृषि



मुरारी ढुङ्गेल

नेपाल विषम प्रकारको हावापानी भएको मुलुक हो । सानो मुलुक भए पनि विविध प्रकारको हावापानी भएको हुनाले सम्भावनाका हिसाबले कृषिबाटै पनि नेपाल धनी मुलुक बन्न सक्छ । नेपालमा कृषि क्षेत्रको उत्थानका लागि केही प्रयत्न गरिए पनि यसले पूर्णता प्राप्त गर्न सकेको छैन । जसका कारण कृषिप्रधान देश भएरै पनि केवल खाद्यान्नकै लागि बर्सेनि अर्बौं रुपियाँ बाहिरिन थालेको छ ।

कृषिको प्रचूर सम्भावना भएको देश नेपालमा पूर्वाधारलगायत कृषिकर्म प्राथमिकतामा नपर्नु नै यसको मुख्य समस्या हो । यहाँ किसानका उत्पादित वस्तु बजारसम्म पुऱ्याउन पर्याप्त रूपमा ग्रामीण सडक सञ्जालको विकास हुन सकेको छैन, भएका पनि बाह्रै महिना सञ्चालनमा आउन नसक्ने समस्या छ । गाउँको उत्पादन सहरमा र सहरको उत्पादन गाउँसम्म पुऱ्याउन सडक सञ्जालको विकास हुनु अनिवार्य छ । गाउँलाई आत्मनिर्भरतातर्फ डोऱ्याउन यसले ठुलो मद्दत गर्छ । साथै यसबाट सहरको उत्पादनको वितरण ग्रामीण भेगसम्म पुग्ने भरपर्दो उपायको खोजी गर्न सकिन्छ । ग्रामीण सिप र परम्परागत मूल्य, मान्यताको जगेर्ना गर्न अवसरका रूपमा यसलाई लिन ढिला हुन लागिरहेको छ ।

कृषि क्षेत्रको उत्पादकत्व नबढ्नुका प्रमुख कारकमा मौसममा निर्भर खेती प्रणाली, जग्गाको खण्डीकरण, न्यूनतम आवश्यक पूर्वाधारको कमी, कृषि अनुसन्धान एवं प्राविधिक विकासको सुस्तता र पर्याप्त वित्तीय सेवाको अभाव आदि देखिएका छन् । नेपालमा ३० प्रतिशत खेतीयोग्य जमिनमा मात्रै सिँचाइको व्यवस्था भएको तथ्याङ्क छ । नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले आफ्नो ३१ औँ वार्षिकोत्सवको अवसरमा केही समयअघि उक्त तथ्याङ्क प्रस्तुत गरेको थियो । आकासे खेतीको भरले हुने उत्पादन निर्वाहमुखी मात्र हुने र यसले व्यावसायिक कृषि उत्पादनमा जोड दिन सक्दैन । साथै राज्यस्तरबाट समयानुकूल नीति, योजना तथा कार्यक्रम लागू गर्नाले किसानले पाउने राहतदेखि सेवासुविधाले खेतीमा लगानी गर्ने किसानको मनोबल बढाउँछ ।

सरकारले दीर्घकालीन कृषि कार्यक्रम ल्याई गरिबी न्यूनीकरणका लागि कृषि उत्पादन र ग्रामीण रोजगारीमा वृद्धि गर्न सीमान्त कृषि भूमिमा समेत सिँचाइ सुविधाको विस्तार गर्नु आवश्यक छ । एकातिर देशको आर्थिक वृद्धि तथा समग्र विकास कृषि क्षेत्रको उत्पादकत्वमा निर्भर रहेको छ भने अर्कोतिर कृषि क्षेत्रको तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताको सम्भाव्यता पनि उच्च छ । नेपालको भूमि उर्वर रहेकाले कृषि क्षेत्रबाटै द्रुत लाभ लिन सकिने कुरामा दुई मत नभए पनि सरोकारवाला निकायबाट उचित योजना र लगानीको अभाव रहेकोलाई नकार्न सकिँदैन ।

तराईमा मलिलो भूमि र खेतीयोग्य हावापानी भएको हुनाले प्रशस्त मुनाफा गर्ने प्रकारका अन्नबाली लगाउन सकिन्छ । पहाडी तथा तराई क्षेत्रमा ठुला तथा सम्भावना बोकेका नदीका कारण कृषिलाई सिञ्चित गर्न र विद्युतीय माध्यमबाट खेती गर्न सकिने सम्भावना छ । त्यसैगरी हिमाली क्षेत्रमा जडीबुटीको उत्पादनले देशको आर्थिक स्तर सहजै माथि उकास्ने अड्कल नभएका होइनन् । मुलुकको दिगो आर्थिक विकासका साथै बलियो ग्रामीण अर्थतन्त्रलाई उपलब्धिमूलक बनाउन सकियो भने देशको गरिबी निवारणमा टेवा पुऱ्याउन गाह्रो छैन ।

कुनै समयमा विश्व बजारमा अत्यधिक बलिया र आर्थिक उपार्जनका रूपमा मानिएका आर्थिक क्षेत्रहरूसमेत समयक्रमसँगै धराशायी बन्दै गएको औद्योगिक पृष्ठभूमिमा कृषि यस्तो क्षेत्र हो; जो जीवन रहेसम्म रहन्छ । अर्थात् जबसम्म कृषि छ, तबसम्म जीवन रहन्छ । उचित प्रविधिको प्रयोग गर्न सकियो भने कृषिले उद्योगधन्दालाई मात खुवाउन सक्छ । जसको उदाहरणका रूपमा हाम्रै छिमेकी देश भारतको पन्जाब प्रान्त र कास्मिरलगायत क्षेत्रले कृषिमा गरेका विकासलाई लिन सकिन्छ । त्यस्तै कृषि विकासको गतिमा उल्लेख्य फड्को मारेका चीन, कोरिया, बङ्गलादेश जस्ता देशलाई हेर्ने हो भने उनीहरूले आधुनिक प्रविधिको प्रयोगमा बढी जोड दिने गरेका छन् । यस्ता पाठ सिकेर नेपालले पनि बेलैमा कृषिमा लगानी बढाउन सक्नु पर्दछ ।

सरकारले नेपालले कृषिमा फड्को मार्न सक्ने बताइरहँदा अन्ततोगत्वा देशले कृषि उत्पादनमा नयाँ विधि प्रणालीका साथ अघि बढ्नुको विकल्प नहुन सक्छ । कृषि र किसानलाई प्रोत्साहन र सुरक्षा ग्यारेन्टीको प्रबन्ध मिलाउन सके मात्र कृषि व्यवसायले गति लिन सक्छ तर अचेल हाम्रो कृषि क्षेत्रको प्रमुख समस्या भनेकै बजारसम्मको पहुँच हो भन्दा पनि अतिसयोक्ति नहोला ।

उत्पादन गरिएका वस्तुको भण्डारणमा उचित व्यवस्थासमेत नहुने भएकाले किसान सस्तो मोलमा आफ्ना उत्पादनहरू बेच्न बाध्य हुने गरेको तथ्य हामीसामु छर्लङ्ग छ । बिचौलियाको शोषणमा किसान परेका छन् । गरिब किसानको भण्डारको अभावको फाइदा धूर्त बिचौलियाले उठाइरहेका छन् । यस्तो बेथितिको अन्त्य नभएसम्म कृषकको उत्थान, प्रगति, गरिबी निवारण र कृषिमा निर्भरता हाम्रो दिवा सपनासिवाय अरू हुन सक्दैन । यस्तो प्रवृत्तिले साना किसानका साथसाथै आमउपभोक्तासमेत मूल्यवृद्धिको चपेटामा पर्न बाध्य छन् । जसका लागि राज्यले किसानको उत्पादनमा सुरक्षा र लगानीमा ग्यारेन्टीको भावना विकास गर्न सक्नुपर्दछ ।

*कृषि क्षेत्रको उत्पादकत्व नबढ्नुका प्रमुख कारकमा मौसममा निर्भर खेती प्रणाली, जग्गाको खण्डीकरण, न्यूनतम आवश्यक पूर्वाधारको कमी, कृषि अनुसन्धान एवं प्राविधिक विकासको सुस्तता र पर्याप्त वित्तीय सेवाको अभाव आदि देखिएका छन् । नेपालमा ३० प्रतिशत खेतीयोग्य जमिनमा मात्रै सिँचाइको व्यवस्था भएको तथ्याङ्क छ । नेपाल कृषि अनुसन्धान परिषद (नार्क) ले आफ्नो ३१ औं वार्षिकोत्सवको अवसरमा केही समयअघि उक्त तथ्याङ्क प्रस्तुत गरेको थियो । आकासे खेतीको भरले हुने उत्पादन निर्वाहमुखी मात्र हुने र यसले व्यावसायिक कृषि उत्पादनमा जोड दिन सक्दैन । साथै राज्यस्तरबाट समयानुकूल नीति, योजना तथा कार्यक्रम लागू गर्नाले किसानले पाउने राहतदेखि सेवासुविधाले खेतीमा लगानी गर्ने किसानको मनोबल बढाउँछ ।*

नेपालमा कृषि क्षेत्रलाई माथि उकास्न आधुनिक किसिमको प्रविधि भित्र्याउन मात्र सकियो भने हामी आर्थिक समृद्धितिर अघि बढ्छौं । कृषि पेसालाई हरेक नेपालीको आशाको केन्द्रका रूपमा लिँदै आए पनि यसले आशातीत प्रतिफल दिन नसक्नुका पछाडि धेरै कारण रहेका छन् । अझै पनि कृषिलाई केवल कागजी नीति नियममा सीमित राख्ने परिपाटी छ । कृषिलाई हालसम्म सम्मानित पेसा बनाउन सकिएको छैन । विदेशमा पसिना बगाउन तयार हामी नेपालमै कृषि व्यवसाय गर्न इज्जत र प्रतिष्ठा गुमेको महसुस गर्दछौं । कृषि पेसालाई प्राथमिकता नदिनु, कृषि कर्मलाई सम्मान नगरिनु नै हाम्रो प्रमुख दोष हो ।

हाम्रो देशको कृषि व्यवसाय हालसम्म पनि मौसमी खेतीमा भर परिरहेको अवस्था छ । समय सुहाउँदो विकासमा हामी लम्कन सकेको छैनौं । कृषिमा आधुनिकीकरण गरी उत्पादन बढाउन सकिन्छ । हामी अझै परम्परागत कृषि कर्ममा नै छौं । जसले उच्चतम उत्पादन दिन पनि सक्दैन र लागत पनि बढी लाग्दछ । हाम्रो देशको कृषि प्रणाली जति नै ठुला गफ गरे पनि निर्वाहमुखीबाट माथि उठ्न सकेको देखिँदैन । अझ हरेक कुरामा विदेशीको भर पर्नुपर्ने बाध्यता छ । गुन्द्रुकसमेत चीनबाट आयात गर्नुपर्ने परिस्थितिबाट नेपाली समाज बाँचिरहेको छ ।

किसानलाई कृषि औजार, उपकरण, बिउबिजन, मलखाद खरिददेखि लिएर युवालक्षित कार्यक्रमअन्तर्गत विभिन्न व्यवसाय सञ्चालन र प्रवर्धनका लागि रकम प्रदान गरेर कृषिलाई आत्मनिर्भर बनाउन सक्नुपर्दछ । उचित मात्रा नमिलाई प्रयोग भएको रासायनिक मलको कारणले माटोको खस्किँदो गुणस्तर, बदलिँदो मौसमचक्र, घट्दो खेतीयोग्य जमिन, भएको जमिन पनि घडेरी प्लटिङका कारणले अनुत्पादक हुन पुगेको तितो यथार्थ हाम्रोसामु छर्लङ्ग छ । जलवायु परिवर्तन र तापक्रम वृद्धि जस्ता कारणबाट यही स्थितिको उत्पादकत्व वृद्धि पनि ठुलो चुनौतीका रूपमा रहने सम्भावना बढ्दो छ । यी र यस्ता प्रकारका समस्यालाई राज्य स्तरबाट ध्यान दिनु अनिवार्य छ ।

यसर्थ नेपालको हावापानी सुहाउँदो कृषि व्यवसायको थालनी गर्नुपर्ने, किसानलाई आवश्यक तालिम, सहुलियतपूर्ण ऋण र उत्प्रेरणा पुग्ने खालको कार्यक्रम दिन सक्नुपर्ने आजको आवश्यकता हो । उत्पादित वस्तुको उचित मूल्य समायोजन गरी राष्ट्रिय रूपमा बिक्री वितरण र अन्तर्राष्ट्रिय स्तरसम्मको उत्पादनमा जोड दिँदै कृषि व्यवसायीलाई प्रोत्साहन, क्षतिपूर्तिको व्यवस्थामा सरकारले ध्यान दिने हो भने नेपालको भावी कृषि नीति र व्यवसायीले उपलब्धि हासिल गर्न सक्ने सम्भावना प्रशस्तै छन् । (गोरखापत्रबाट)

# चाडपर्व लक्षित सहुलियत पसल असोज २१ गतेदेखि

काठमाडौँ, असोज ९ । चाडवाड लक्षित सहुलियत मूल्य पसल असोज २१ गतेदेखि मंसिर ३ गतेसम्म सञ्चालन गरिनेभएको छ । आम उपभोक्ताको हितलाई ध्यानमा राखी अत्यावश्यक खाद्य तथा उपभोग्य वस्तु सुपथ मूल्यमा उपलब्ध गराउन चाडबाड अवधिभर उक्त पसल सञ्चालनमा ल्याउन लागिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता गजेन्द्रकुमार ठाकुरले जानकारी दिए । यस्ता पसलबाट बजार मूल्य नियन्त्रण र गुणस्तरीयता कायम गरी सरल, सहज र सर्वसुलभ रुपमा सामग्री उपलब्ध गराउने उद्देश्य लिइएको उनको भनाइ छ।

चाडबाडका समयमा उपभोक्ता बजारमा निजी क्षेत्रको एकाधिकार हुन नदिन भन्दै सरकारले हरेक वर्ष सहुलियत मूल्य पसल सञ्चालन गर्दै आएको छ । सरकारले उद्योग, वाणिज्य, तथा आपूर्ति मन्त्रालयको मातहतका खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको दुग्ध विकास संस्थानको सहकार्यमा सहुलियत मूल्य पसल सञ्चालनमा ल्याउन लागेको हो । सहुलियत मूल्य पसलमा सबै किसिमका चामल, दालहरु, गहुँ, आटा, पिठो, मैदा, तोरीको तेल, सनफ्लावर तेल, भटमासको तेल र चिउरामा बजार मूल्यभन्दा प्रतिकिलो रू.सातले सस्तोमा बिक्री वितरण हुनेछ।

त्यस्तै, कर्णालीको सिमी तथा गेडागुडीहरु, फापरको दाना, चिनो, कागुनो र उवा र जिउँदो खसी, बोका तथा च्याङ्ग्रामा प्रतिकिलो रू.१० छुट दिइएको छ। यसवर्ष सहुलियत मूल्य पसल सञ्चालनका लागि सरकारले खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई रू.दुई करोड ३२ लाख २० हजार बजेट छुट्याएको छ।



त्यस्तै, साल्ट ट्रेडिङमार्फत बिक्री हुने सामानमा सहुलियत दिन सरकारले रू.एक करोड छुट्याएको छ। साल्ट ट्रेडिङ कर्पोरेसनलले चिनी प्रतिकिलो रू.९७ मा बेच्नेछ भने बजार मूल्यको तुलनामा नुनमा प्रतिकिलो रू.दुई र तेल तथा चिउरामा प्रतिकिलो रू.सात छुट दिनेछ।

त्यस्तै, दूग्ध विकास संस्थानले घ्यूमा प्रतिकिलो रू.२०, पनीर प्रति दुई सय ग्राममा रू.२० र प्रति पाँच सय ग्राममा रू.५० छुट दिनेछ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङको काठमाडौँ उपत्यकामा रहेका आठ वटा बिक्री केन्द्र र तीन वटा घुम्ती पसल समेत गरी जम्मा ३५ स्थानमा बिक्री स्थल रहनेछ।

त्यसबाहेक मोरङ, झापा, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, दिक्तेल, भोजपुर, ओखलढुङ्गा, खोटाङ, सिरहा, जनकपुर, पर्सा, काठमाडौँ, ललितपुर, भक्तपुर, कास्की, तनहुँ, गोरखा, मनाङ, मुस्ताङ, रुपन्देही, बाँके, दाङ, बर्दिया, रुकुम पूर्व र रुकुम पश्चिममा खाद्य व्यवस्था कम्पनीले सहुलियत पसल सञ्चालन गर्नेछ । त्यस्तै, रोल्पा, सुर्खेत, गुल्मी, दैलेख, डोल्पा, कालीकोट, हुम्ला, जाजरकोट, जुम्ला, मुगु, कैलाली, डडेलधुरा, बाजुरा, बझाङ, अछाम, दार्चुला, महेन्द्रनगर गरी ४२ जिल्लाका ४८ स्थानमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीका सहुलियतपूर्ण स्टक रहनेछन्।

यस्ता पसलहरु आवश्यकतानुसार थप जिल्ला र स्थानहरुमा पनि सञ्चालन गर्न सकिने मन्त्रालयले जनाएको छ । निःशुल्क अनलाइन होम डेलिभरी, घुम्ती सेवा, सहकारी र डिलहरुकोको माध्यमबाट तोकिएबमोजिमको छुट पाउन सकिनेछ।

सञ्चालनमा ल्याइएका सहुलियत मुल्य पसलहरु प्रभावकारी भएको नभएको विषयमा अनुगमन समिति पनि बनाइएको छ। चाडबाडको अवधिभर बजार अनुगमनको काम थप तीव्र पारिने मन्त्रालयले जनाएको छ । काठमाडौँ उपत्यकाको हकमा उद्योग मन्त्रालयले सहुलियत पसल सञ्चालनको आयोजना अवधिभर अनुगमन टोली बनाई अनुगमन गर्नेछ भने सम्बन्धित संस्थानहरुले पनि आ-आफ्नो अनुगमन टोली बनाई अनुगमन गर्नेछन्।

वाणिज्य, आपूर्ति व्यवस्था तथा उपभोक्ता संरक्षण विभागबाट पनि नियमित अनुगमनको अतिरिक्त थप अनुगमन टोली बनाई सघन रुपमा अनुगमन गर्नेछ । जिल्लाहरुको हकमा प्रमुख जिल्ला अधिकारी वा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा अनुगमन टोली गठन गरी सघन रुपमा अनुगमन गरिने मन्त्रालयले जनाएको छ।

# रुपन्देही उद्योग संघमा अधिवेशनको तयारी

बुटवल, असोज ९ (मेसस)। असोज २९ गते हुने रुपन्देही उद्योग संघको ४५औं साधारणसभा तथा २३ औं अधिवेशनको तयारी तीव्र रुपमा अगाडि बढिरहेको संघले जनाएको छ। संघको नयाँ नेतृत्वसमेत चयन गर्न निर्वाचनसहितको अधिवेशन भएका कारण आवश्यक तयारीका कामहरु चरणबद्ध रुपमा अगाडि बढाएको संघका महासचिव हरिबहादुर खत्रीले बताए । महासचिव खत्रीका अनुसार संघको कार्यसमितिको नियमित बैठकले निर्वाचन सम्पन्न गर्न संघका कानुनी सल्लाहाकार यमलाल खनालको संयोजकत्वमा निर्वाचन समिति गठन गरेको छ । जसको सदस्यमा नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष रामराज पोखरेल र संघका प्रेस सल्लाहाकार सुमन अधिकारी रहेका छन्।

त्यसैगरी बैठकले अधिवेशन व्यवस्थित रुपमा सम्पन्न गर्नका लागि विभिन्न जिम्मेवारी बाँडफाँड गरेको जनाइएको छ । महासचिव खत्रीका अनुसार संघका कार्यसमिति सदस्य कमल ज्ञवाली संयोजक रहेको खाद्यान्न व्यवस्थापन समिति, बल बहादुर गोदार संयोजक रहेको हल तथा मञ्च व्यवस्थापन समिति तथा लालप्रसाद बस्याल संयोजक रहेको किड व्याग व्यवस्थापन समिति गठन गरी जिम्मेवारी दिइएको छ।

अधिवेशनमा प्रस्तुत गरिने अध्यक्ष, महासचिव तथा कोषाध्यक्षको वार्षिक प्रतिवेदन लेखनको तयारी अन्तिम चरणमा पुगेको संघका प्रमुख कार्यकारी अधिकृत यादवप्रसाद भण्डारीले जनाए। निर्वाचन समितिले विधानअनुसार निर्वाचन कार्यक्रम तयार गरी सार्वजनिक गर्ने छ । अधिवेशनले अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, प्रथम उपाध्यक्ष, द्वितीय उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, सचिव, महिला सचिव, सहकोषाध्यक्ष, एशोसिएट सदस्य, आजिवन, महिला र खुल्ला सदस्यसहित ३३ सदस्यीय नयाँ कार्यसमितिको चयन गर्ने छ।

अधिवेशनमा १ हजार १३ सदस्यले भाग लिन पाउनेछन् । संघमा हालसम्म नविकरण भएका साधारण सदस्य ७९७, एशोसिएट सदस्य ६०, संस्थागत सदस्य ७ र महिला सदस्य ११३ रहेका छन् भने आजिवन सदस्य ३६ रहेका छन् । अधिवेशनबाट चयन हुने नयाँ कार्यसमितिका लागि नवीकरण भएका सदस्यहरु मात्र उम्मेदवार बन्न र मतदान गर्न पाउने व्यवस्था रहेको छ। ४५ औं साधारणसभा तथा २३ औं अधिवेशन संघको आफ्नै सहभाहलमा सम्पन्न हुने संघले जनाएको छ।

# खानेपानी तथा सरसफाइसम्बन्धी राष्ट्रिय सम्मेलन सुरु

काठमाडौँ, असोज ९। खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी राष्ट्रिय सम्मेलन मंगलबारदेखि काठमाडौँम सुरु भएको छ । खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा संलग्न तीन वटै तहका सरकार, विभिन्न सरकारी निकाय, निजी एवं गैरसरकारी क्षेत्र, नागरिक समाज, विज्ञ तथा विकास साझेदार क्षेत्रका प्रतिनिधिसहित दुई सयभन्दा बढी प्रतिनिधिको सहभागितामा सम्मेलन सुरु भएको हो।

खानेपानी मन्त्रालयको आयोजनामा मंगलबारदेखि सुरु भएको 'खानेपानी सरसफाइ तथा स्वच्छता संयुक्त क्षेत्रगत समीक्षा' सम्बन्धी दुई दिने राष्ट्रिय सम्मेलनले यस क्षेत्रमा हालसम्म भएका गतिविधि र उपलब्धिको समीक्षा गर्दै आगामी रणनीति तय गर्नेछ।

सम्मेलन कार्यबाहक खानेपानी मन्त्री एवं श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले उद्घाटन गरे । उनले सम्मेलनको निष्कर्षले खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा गर्नुपर्ने कामका लागि दिशानिर्देशन गर्ने आशा व्यक्त गरे। खानेपानी मन्त्रालयका सचिव रामआधार साहले सम्मेलनले खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रका सवल र दुर्वल पक्षको समीक्षाका साथै चुनौती र अवसरको लेखाजोखा गर्ने, क्षेत्रगत सुधारका लागि जवाफदेहिता तथा प्रमाणमा आधारित निर्णय गर्दै सरोकारवालाको सहभागितामा दीगो रणनीति विकासमा सहयोग गर्ने जानकारी दिए।

उनले सामूहिक प्रयास र प्रतिबद्धताका कारण खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा महत्वपूर्ण काम भएको र अझै बाँकी रहेका कामलाई प्रभावकारी कार्यान्वनयका लागि संयुक्त अभ्यास जारी राख्नुपर्नेमा जोड दिए। त्यसलाई यो सम्मेलनको निष्कर्षले महत्वपूर्ण आधार तयार पार्ने उनले बताए। सम्मेलनले खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी रणनीति कार्यक्रम, आयोजनाको विस्तृत विश्लेषण गरी आगामी रणनीति घोषणा पनि गर्नेछ। सम्मेलनमा शहरी विकास मन्त्रालयका सचिव रविन्द्रनाथ श्रेष्ठले नेपालमा कानुन, नीति नियम प्रशस्त रहेको र त्यसले आफैँलाई बाँधिरहेको उल्लेख गर्दै असम्भव योजना राख्नुभन्दा गर्न सक्ने कामको योजना बनाएर कार्यान्वयन गर्न सुझाव दिए।

खानेपानी मन्त्रालयका सहसचिव तिरेशप्रसाद खत्रीले मंगलबार पहिलो दिन विषयगत क्षेत्रबारे प्रस्तुत कार्यपत्रमाथि विश्लेषण र समीक्षा गर्ने र बुधबार (आज) दोस्रो दिन समीक्षाबाट आएको निष्कर्षका आधारमा आगामी दिनमा गर्नुपर्ने विषयबारे निष्कर्षसहितको घोषणापत्र सार्वजनिक गरिने बताए। उनले सन् २०३० सम्ममा स्वच्छ खानेपानी उपलब्ध गराउने दीगो विकास लक्ष्य पूरा गर्न सम्मेलनले मार्गनिर्देश गर्ने बताए। त्यही लक्ष्य पूरा गर्न सम्मेलनले ठोस रणनीति तय गर्नेछ।

यसअघि प्रदेशगतरुपमा समीक्षा गोष्ठी सम्पन्न गरी देशभरका प्रतिनिधि सहभागी भई राष्ट्रिय सम्मेलन आयोजना गरिएको र यसको निष्कर्षलाई आगामी १६ औँ पञ्चवर्षीय योजनामा समेट्ने प्रयास गरिने जनाइएको छ । यसअघि सन् २०११ र २०१४ मा यस्तै सम्मेलन गरिएको थियो। हालसम्म चार सयभन्दा बढी पालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता(वास) सम्बन्धी योजना बनाइसकेका छन् । सरकारले यस वर्ष राष्ट्रिय सरसफाइ अभियान सञ्चालन गर्ने घोषणा पनि गरिसकेको छ।

सम्मेलनको पहिलो दिन मंगलबार मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर प्रभात श्रेष्ठले खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी हालको अवस्थाबारेमा जानकारी गराए । सिनियर डिभिजनल इन्जिनियर नारायणप्रसाद आचार्यले यससम्बन्धीका कानुनी प्रावधान र कार्यान्वयनको अवस्थाबारे जानकारी गराए । सम्मेलनमा युनिसेफ नेपालका कार्यक्रम उपप्रतिनिधि जी ह्यून रहले यस्ता कार्यक्रमहरु समावेशिता र सीमान्तकृत समुदायलाई प्राथमिता दिने गरी अघि बढाउनुपर्नेमा जोड दिए।

उनले कानुनमा भएको व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गरी, लगानी बढाउँदै संयुक्त प्रयासबाट खानेपानी सरसफाइ र स्वच्छताको क्षेत्रमा काम हुनुपर्ने सुझाव दिए । सम्मेलनमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले यस क्षेत्रका हरेक पूर्वाधार विपद् व्यवस्थापनलाई ध्यानमा राखेर निमाण गर्नुपर्ने बताए। नेपालमा ९५ प्रतिशतमा आधारभूत खानेपानीको पहुँच पुगेको छ। त्यसमध्ये २६ प्रतिशतमा ट्रिटमेन्ट प्लानसहितको खानेपानी सुविधा छ। सरसफाइतर्फ ९५ प्रतिशतमा शौचालय सुविधा बनिसकेको छ भने त्यसमध्ये १० प्रतिशत ढलसहितको व्यवस्थापन गरिएको छ।

# रुस्कुनले सहकारी शिक्षा तालिम सञ्चालन गर्ने

बुटवल, असोज ९ (मेसस) । रुपन्देही बचत तथा ऋण सहकारी संघ (रुस्कुन) ले जिल्लाका सरकारी विद्यालयमा सहकारी शिक्षा तालिम सञ्चालन गर्ने भएको छ । संघको मंगलबार बुटवलमा सम्पन्न १८ औं वार्षिक साधारणसभामा अध्यक्ष बसन्तप्रसाद ढकालले उक्त विषयमा जानकारी गराए । उनले विद्यालय तहमै सहकारी शिक्षाको आवश्यकता महसुस गरी पहिलो चरणमा सरकारी विद्यालयमा सहकारी शिक्षा तालिम सञ्चालन गर्न लागिएको जानकारी गराए। त्यस्तै कतिपय सहकारी संस्थामा विचलन आएको र त्यसलाई व्यवस्थित गर्ने कुरामा पनि संघले अभिभावकीय भूमिका निर्वाह गर्ने बताए।

कार्यक्रममा बोल्दै बुटवल उपमहानगरपालिकाकी उपप्रमुख सावित्रा अर्यालले कतिपय सहकारी अव्यवस्थित तथा वेथिती समेत बढेको औंल्याउँदै त्यस्ता सहकारीलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिइन् । उनले बुटवल उपमहानगरपालिकाको उद्देश्यअनुसार रुपन्देही वचत तथा ऋण सहकारी संघले काम गरेको बताउँदै संघले अगाडि सारेका तालिमलगायतका कार्यक्रममा सहकार्य गर्न बुटवल उपमहानगरपालिका तयार रहेको भनाइ राखिन् । साधारणसभामा संघका अध्यक्ष ढकालले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन, कोषाध्यक्ष भोजबहादुर बुढाथोकीले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन र लेखा सुपरिवेक्षण समितिका संयोजक पुरुषोत्तम आचार्यले प्रस्तुत गरेको लेखा समितिको प्रतिवेदन पारित भएको छ । साधारणसभामा जिल्ला सहकारी संघ रुपन्देहीका अध्यक्ष तथा सहकारी महासंघका सञ्चालक भिमप्रसाद तुलाचन, दुग्ध उत्पादक केन्द्रीय सहकारी संघका सञ्चालक हरी काफ्ले, सल्लाहकार प्रकाश भट्टराईलगायतले शुभकामना व्यक्त गरेका थिए। कार्यक्रम संघकी उपाध्यक्ष गोमा पौडेलको स्वागत तथा सचिव बाबुराम बञ्जाडेको सञ्चालनमा भएको थियो।

# एभरेष्टमा नि:शुल्क आँखा तथा सुगर परीक्षण

बुटवल, असोज ९ (मेसस)। बुटवल-८ सुख्खानगरमा अवस्थित एभरेष्ट इङ्लिस बोर्डिङ माध्यमिक विद्यालयमा निः शुल्क आँखा तथा सुगर परीक्षण सम्पन्न भएको छ। बुटवल लायन्स आँखा अस्पतालको प्राविधिक सहयोग तथा एभरेष्ट इङ्लिस बोर्डिङ माध्यमिक विद्यालयको संयोजनमा सम्पन्न उक्त कार्यक्रममा अभिभावक, विद्यार्थी, शिक्षक तथा कर्मचारी गरी दृष्टिदोष भएका करिब २ सय ५० जनाको आँखा परीक्षण गरिएको विनोद चौधरीको सहयोगमा उक्त शिविर सम्पन्न भएको थियो।

विद्यालयका सहप्राचार्य भिमसेन गौतमको सभापतित्व, प्राचार्य कृष्ण न्यौपानेको प्रमुख आतिथ्य, लायन्स क्लब अफ बुटवलका अध्यक्ष शरदमान श्रेष्ठ तथा विद्यालयका उपप्राचार्यद्वय उमेश रेग्मी र माला पाण्डेको आतिथ्यता, मेडिकल असिस्टेन्ट अशोक ज्ञवालीको संयोजनमा सञ्चालन भएको उक्त कार्यक्रममा सहयोग पुऱ्याउने सम्पूर्ण




थियो।

त्यसैगरी १ सय १७ जनामा गरीएको मधुमेह परीक्षणमा ८ जनामा मधुमेह देखिएको र बाँकी सबैको अवस्था सामान्य रहेको परीक्षणमा संलग्न चिकित्सकहरुले जानकारी दिएका छन् । लायन्स क्लब अफ बुटवलका अध्यक्ष शरदमान श्रेष्ठ, सचिव रोशनकुमार श्रेष्ठ, मधुमेह परीक्षण संयोजक कमल केसी, ल्याब प्राविधिक इन्दु पोखेल, ओप्थाल्मिक सहायकहरु पुष्पा मरासिनि तथा अनुषा ज्ञवाली र दृष्टि परीक्षक महानुभावहरुलाई धन्यवाद दिइएको थियो । प्राचार्य कृष्ण न्यौपानेले विद्यार्थी, शिक्षक, कर्मचारी र अभिभावकको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने यस्ता स्वास्थ्य परीक्षणका कार्यक्रमहरु विद्यालयले निरन्तर रुपमा सञ्चालन गरिरहेको र आगामी दिनहरुमा पनि यस कार्यले निरन्तरता पाउने विचार व्यक्त गरेका थिए भने सहप्राचार्य भीमसेन गौतमले प्राविधिक सहयोग गर्ने लायन्स क्लब अफ बुटवलका पदाधिकारी र आँखा अस्पतालप्रति आभार प्रकट गरेका थिए।

# नेप्से परिसूचकमा वृद्धि

काठमाडौँ, असोज ९। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको वृद्धि देखिएको छ। मंगलबार नेप्से परिसूचक १८ दशमलव ४५ अङ्कले बढेर दुई हजार २२ दशमलव ९१ को बिन्दुमा कायम भएको हो।

मंगलबार विभिन्न कम्पनीका दुई सय ८६ कम्पनीको ८७ लाख चार हजार चार सय ७७ कित्ता शेयर ७८ हजार छ सय १६ पटक खरिदबिक्री हुँदा रू.दुई अर्ब नौ करोड ३८ लाख नौ हजार पाँच सय १८ बराबरको कारोबार भएको छ। होटल तथा पर्यटन समूहको उपसूचक शून्य दशमलव १८ प्रतिशतले घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै जलविद्युत् समूह तीन दशमलव नौ प्रतिशत र वित्त समूहको उपसूचक एक दशमलव ४४ प्रतिशतले बढेको छ।

मेन्छियाम हाइड्रोपावर लिमिटेड र मनकामना इन्जिनियरिङ हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा मंगलबार सकारात्मक सर्किट लागेको छ । त्यस्तै, शुभम् पावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशत र मोलुङ हाइड्रोपावर कम्पनीको शेयर मूल्य नौ दशमलव ९६ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै मूल्य घट्नेमा भने हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड छ । कम्पनीको शेयर मूल्य पाँच दशमलव ८७ प्रतिशतले घटेको छ।

## ऐरावती गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बरौंला, प्यूठान, लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् र बिक्री कार्यको ठेक्का बन्दोबस्तीको लागि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०।०५।२४ दोस्रो पटक प्रकाशित मिति: २०८०।६।१०

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ), दफा ६२ (क), नेपाल सरकारको ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ र अनुसुची ६, ऐरावती गाउपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (अद्यावधिक)-२०७९ को व्यवस्था र ऐरावती गाउपालिका गाउ कार्यपालिकाको मिति २०८०।०५।१२ गतेको निर्णय बमोजिम आ.व. २०८०/०८१ का लागि यस गाउपालिका क्षेत्रभित्रका नदी/खोलाहरुका स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् गरी ऐरावती गाउपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी देहाय बमोजिमको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही सिलवन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| ठेक्का नं. | दरभाउपत्रको नाम/विवरण | उत्खनन् परिमाण (घन फिट) | विक्री शुल्क प्रति घन फिट (मु.अ. कर बाहेक) | न्यूनतम बोलपत्र रकम (अग्रिम आयकर र मू. अ. कर बाहेक) | धरौटी रकम | फाराम शुल्क |
|---|---|---|---|---|---|---|
| 01/ARM/NCB/ Goods RBM-2080/081 | ऐरावती गाउपालिका क्षेत्रभित्र पर्ने नदी/खोलाका स्वीकृत घाटहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन्, संकलन र घाटगद्दी तथा बिक्री सम्वन्धी कार्य | २५१७९३/०० | ६/०० | १५१०७५८/०० | कवोल गरेको अंकमा मू.अ.क. जोडी उक्त रकमको ५% ले हुन आउने रकम नगदै वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत | १००० |

**शर्तहरू :**

- दरभाउपत्र फारम खरिद गर्न ईच्छुक फर्म वा कम्पनीले फर्म वा कम्पनी नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र दरभाउपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. शाखा कार्यालय, ऐरावतीमा रहेको यस कार्यालयको राजश्व खाता नं. ग १.१-१८२०१४००००००७९ मा जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले ७ औं दिन (२०८०/०६/१६ गते) को कार्यालय समयभित्र कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ । दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।
- दरभाउपत्र सम्वन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको (मु.अ.क.र अग्रीम कर सहित) ५ (पाच) प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि., ऐरावती शाखामा रहेको धरौटी खाता नं. ग ३.१-१८२०१४००००००३१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।
- खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सवै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खामबाहिर फर्मको नाम, ठेगाना, फोन नं, मोवाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ८औं दिन (२०८०/०६/१७ गते) दिनको १२:०० बजेभित्र यस कार्यालयमा Hard Copy दर्ता गर्नु पर्नेछ ।
- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका दरभाउपत्र सम्वन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रहोबरमा यस कार्यालयमा खोलिनेछ । साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।
- प्रि विड बैठक यो सुचना प्रकाशित मितिले ५औं दिन (२०८०/०६/१४ गते) दिनको २:०० बजे गाउपालिकाको कार्यालयमा हुनेछ । इच्छुक दरभाउपत्रदाताहरुले उक्त बैठकमा भाग लिइ यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।
- दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुदा गरिएको सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहति पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलत्रप स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- दरभाउपत्र स्वीकृत भएमा सोको सुचना पाएको मितिले ७ दिनभित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अंकको प्रथम किस्ता बापत ६० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ता बापत ४० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इज्जातप्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८१ साल असार मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (Performance Bond) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। दोश्रो किस्ता बापतको रकम २०८१।०२।२० गतेभित्र यस कार्यालयमा बुझाउनु पर्नेछ। नियमानुसार गाउपालिका/नेपाल सरकारलाई आयकर तथा अन्यकर दरभाउपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।
- तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार दरभाउपत्र बन्दोबस्त गरिनेछ । यस गाउपालिकाका नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाण सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार र ऐरावती गाउपालिकाबाट जारी भएका कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिबेदन यस दरभाउपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

## बुटवल बहुमुखी क्याम्पस
बुटवल, रुपन्देही

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस बुटवल बहुमुखी क्याम्पसको मिति २०८०।०४।०८ मा प्रकाशित सूचना अनुसार बुटवल बहुमुखी क्याम्पसको लागि आवश्यक ब्रान्डेड डेस्कटप कम्प्यूटर बोलपत्र आह्वान गरिएकोमा प्राप्त भएका बोलपत्रहरुमध्ये यस क्याम्पस कार्यसमितिको मिति २०८०।०६।०७ गतेको निर्णयानुसार तपशिल बमोजिमको फर्मको दरभाउपत्र स्वीकृतका लागि सिफारिश गरिएको हुदा सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र. सं. | ठेक्का नं. | छनौट भएको फर्मको नाम ठेगाना | कार्यको विवरण र स्थान | कबोल अंक |
|---|---|---|---|---|
| 1 | IFB No.BMC /NCB / Goods/01/2080/081 | Standard Computer International Pvt. ltd. | Propcuremant of Desktop Computer Sets. Butwal Multiple Campus | 25,19,999.44 |

क्याम्पस प्रमुख

## इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।

LBF मार्का LBF

सम्पर्क: पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोन: ९८५७०२३३२०, ९८५७०२३५१४, ९८५७०२३८१३ फ्याक्ट्री
नोट: पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।

## ट्वाइलेट सफा गराउनुहोस्

- तपाईको शहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानिज मेसिनद्धारा सेफ्टी ट्यांकीको रिङ्ग भरिएमा १० मिनेटमा सफा गरिन्छ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्धारा १० मिनेटमै सेफ्टी ट्यांकीको रिङ्ग खाली गरिन्छ।

**भैरहवा सेनेटरी**
बर्मेलीटोल, भैरहवा, रुपन्देही
९८५७०१५७६३, ९८१७५११८३३

**न्यू शिव सेनेटरी**
पडसरी, ठुटीपिपल, रुपन्देही
९८५७०१५२६३, ९८११९२३११९

मेचीकाली सन्देश
Mechikali Sandesh National Daily

# चलचित्र 'परदेशी-२' को टिम देश दौडाहामा




बुटवल, असोज ९ (मेसस) । दशैंको अवसर पारेर यही असोज २६ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र 'परदेशी-२' को टिम यतिबेल प्रचारप्रसारका लागि देश दौडाहामा छ । फिल्मका निर्देशक नारायण रायमाझी, अभिनेता प्रकाश सपूत, अभिनेत्री केकी अधिकारीसहित फिल्मको टिमले मंगलबार बुटवलमा पत्रकारहरुसँग साक्षात्कार गरेको छ ।

चलचित्र पत्रकार संघ रुपन्देहीले आयोजना गरेको साक्षात्कार कार्यक्रममा फिल्मका मूख्य कलाकार अभिनेता प्रकाश सपूतले 'परदेशी-२' आफू अभिनित पहिलो फिल्म भएका कारण एकदमै उत्साहित रहेको बताए । 'जब मैले यो फिल्म गर्ने निर्णय गरेको थिएँ, त्यतिबेला अहिलेको जस्तो चर्चा-परिचर्चा थिएन । पहिलो फिल्म भएकोले उत्साहित भएको छु ।', उनले भने । आगामी दिनमा आफ्नै कथामा फिल्म निमार्ण गर्ने योजनामा रहेको उनले सुनाए । प्रकाशको यो डेब्यू चलचित्र हो ।

त्यस्तै अभिनेत्री केकी अधिकारीले 'परदेशी-२' को कथा सबै नेपालीको कथा भएको बताइन् । मौलिक कथामा अभिनय गर्ने रहर 'परदेशी-२' ले पूरा गरिदिएको उनले सुनाइन् । 'परदेशी-२ मा प्रत्येक घरघरको कथा समावेश छ । यो फिल्मले मेरो मौलिक कथामा काम गर्ने रहर पूरा गरिदियो । यो हामी सबैको कथा समेटिएको फिल्म हो । त्यसैले पनि यो फिल्मबाट निकै उत्साहित छु', उनले भनिन् ।

निर्देशक नारायण रायमाझीले फिल्मले हाम्रो समाजको कथा उठान गरेकोले दर्शकले रुचाउनेमा आशावादी रहेको बताए । संसार घुमेपनि आफ्नो मातृभूमि र आमाबुबालाई भुल्नु हुँदैन भन्ने 'परदेशी-२' को मुख्य सार रहेको उनले सुनाए । 'परदेशी-२' ले सेन्सर बोर्डबाट प्रदर्शन अनुमतिसमेत प्राप्त गरिसकेको उनले जानकारी दिए ।

फिल्मको टिमले मंगलबार नै बुटवलका विभिन्न कलेजहरुमा पुगेर ड्रामा प्रस्तुत गर्दै विद्यार्थीहरुसँग पनि साक्षात्कार गरेको थियो । पर्दामा देख्ने प्रकाश सपूत र केकी अधिकारीलाई आँखै अगाडि देख्न पाउँदा विद्यार्थीहरु निकै खुशी देखिन्थे ।

युवापुस्तामा बढ्दो विदेश मोहको कथामा आधारित चलचित्रलाई रमेश बिजीले लेखेका हुन् । राजेश वंशल (अग्रवाल) र नारायण रायमाझीको निर्माण रहेको फिल्ममा प्रकाश र केकीका साथमा वर्षा शिवाकोटी, प्रशान्त तामाङ्ग, दीलिप रायमाझी, नीर शाह, रमा थपलिया, देवेन्द्र बब्लु, सुशील पोखरेल, सबिन बास्तोला, रोशनी कार्कीलगायतको अभिनय छ ।

फिल्मलाई मानकृष्ण महर्जनले छायाङ्कन गरेका हुन् । बिबी अनुरागी र नारायण रायमाझीको संगीत, रामजी लामिछाने र गोविन्द राईको कोरियोग्राफी, अष्ट महर्जनको द्वन्द्व, श्यामश्वेत रसाइलीको साउण्ड डिजाइन र मिक्सिङ रहेको फिल्मलाई दीर्घ खड्काले सम्पादन गरेका हुन् ।

'परदेशी-२' को टिम पोखरा हुँदै केही दिनमा काठमाडौं फर्किनेछ । विभिन्न हिसाबले यो चलचित्रलाई प्रतीक्षित चलचित्रका रूपमा हेरिएको छ । चलचित्र पत्रकार संघ रुपन्देहीका अध्यक्ष मोहन न्यौपानेको अध्यक्षता तथा निवर्तमान अध्यक्ष सुमन श्रेष्ठको सञ्चालनमा साक्षात्कार कार्यक्रम भएको थियो ।

# भोदी खेल संरक्षणमा जुट्दै थारू समुदाय



नवलपरासी, असोज ९ । नवलपरासी (बर्दघाट सुस्तापूर्व) का थारू समुदाय परम्परागत भोदी खेल संरक्षणमा जुटेका छन् । यसका लागि जिल्लामा प्रतियोगिता समेत सञ्चालन गरिएको छ । श्रीथान कुमारवर्ती गुठीका उपाध्यक्ष पतिराम थनेतले अनत पर्वका अवसरमा थारू समुदायले खेल्ने भोदी खेल संरक्षणका लागि थारू युवा समूहबीच प्रतियोगिता सञ्चालन गरिएको बताए ।

'भोदी खेलमा एक समूहमा दश जना हुने गर्दछन्, भुइँमा नौवटा लठ्ठी गाडेर राखिन्छ, पालैपालो हानेर लठ्ठी निकाल्ने गरिन्छ, जुन समूहले सबै लठ्ठी निकाल्न सक्छ त्यो समूह नै विजयी घोषित हुन्छ,' उनले भने ।

नवलपरासी (बर्दघाट सुस्तापूर्व) सहित तराई क्षेत्रका थारू समुदायले अनत पर्वलाई सहकालका देवता इन्द्रको पूजा गरी मनाउने गर्दछन् । अनतका अवसरमा इन्द्रलाई पूजा गरी खुसी बनाए वर्षा राम्रोसँग हुने र अन्नबाली राम्रा फल्ने जनविश्वासका आधारमा विभिन्न धार्मिककार्य गरिने थनेतले बताए ।

इन्द्रलाई खुसी बनाउन पिङ खेल्ने, भोदी खेल्ने परम्परा रहिआएको छ । भोदी खेल थारू समुदायको बाक्लो बस्ती भएको गाउँमा समूह बनाएर खेल्ने पुरानो परम्परा भए पनि पछिल्ला वर्षमा यो परम्परा हराउँदै गएको उनले बताए ।

'अनतका अवसरमा अन्नबालीलाई आवश्यक पानी पारिदिन इन्द्र भगवान्को उपासनासँगै भोदी खेल खेल्ने प्रचलन जिल्लामा विसं.२०५२ देखि सुरु गरिएको हो,'उनले भने,'लोप हुने अवस्थाको यस खेलको संरक्षण गर्दा थारूको कला संस्कृति र परम्परासमेत उजागर भएको छ ।'

थारू समुदायको पहिचान बोकेको विभिन्न चाडपर्वमध्ये अनन्त चतुर्दशी पर्वलाई पनि थारू समुदायले विशेष महत्वका साथ मनाउने गर्दछन् । यस पर्व ठाउँ र परिवेशअनुसार फरक तरिकाले मनाउने गरिएको थारू अगुवा चिन्तामणि महतोले बताए । 'यहाँका थारूहरूले व्रत बसी पूजा गर्ने गर्दछन्, यसै दिन व्रत बसेर लठ्ठीले हानेर खेलिने मौलिक खेललाई नै भोदी खेल भनिन्छ,' उनले भने,'भाद्र चतुर्दशीमा मनाइने अनत पर्व विसं. १८२५ देखि मनाउन सुरु गरिएको हो ।'

भोदी खेल धार्मिक र ऐतिहासिक महत्व बोकेको हुँदा थारू समुदायका अगुवाले यसको संरक्षणका लागि हरेक वर्ष प्रतियोगिता आयोजना गर्दै आएको महतोले बताए । यसबाट नयाँ पुस्तालाई खेलको महत्व बुझाउन र सिकाउन सहज भएको उनले बताए ।

तराई क्षेत्रका थारू समुदायले अनत पर्वलाई सहकालका देवता इन्द्रको पूजा गरी व्रत बसेर भोदी खेल्ने गर्दछन् । धार्मिक र ऐतिहासिक महत्व बोकेको यस खेलको महत्व नयाँ पुस्तालाई बुझाउन र सिकाउन प्रत्येक वर्ष भोदी खेल प्रतियोगिता सञ्चालन गर्दै आइएको छ । यस वर्ष अनन्त चतुर्दशी यहीँ असोज ११ गते परेको छ । रासस

# हाटबजार व्यवसायी संघद्वारा निःशुल्क दन्त शिविर




बुटवल, असोज ९ (मेसस) । हाटबजार व्यवसायी संघ रुपन्देहीको आयोजना तथा आधुनिक समाज डेण्टल केयर प्रालि बुटवलको सहआयोजनामा निःशुल्क दन्त शिविर कार्यक्रम सम्पन्न भएको छ ।

हाटबजारमा आबद्ध व्यवसायी सदस्यहरुलाई व्यवसायमा मात्रै केन्द्रित नभई व्यवसायीहरुको स्वास्थ्यमा विशेष ध्यान दिँदै निःशुल्क दन्त शिविर सञ्चालन गरिएको संघका अध्यक्ष टेकबहादुर जिसीले जानकारी दिए ।

कार्यक्रममा बुटवल उपमहानगरपालिका-५ का अध्यक्ष हरिप्रसाद श्रेष्ठले बोल्दै हाटबजार व्यवसायी संघले व्यवसायसँगै सामाजिक क्षेत्रमा पनि विभिन्न कार्यक्रम गरेको बताए । उनले हाटबजार व्यवसायी संघले सरसफाइ र स्वास्थ्य शिविरजस्ता सामाजिक कार्य गर्दा आगामी दिनमा वडासँग समन्वय गरेर अगाडि बढेमा अझै प्रभावकारी हुने बताए ।

आधुनिक समाज डेण्टलका अध्यक्ष अमृत भुसालले समाजमा केही नयाँ सन्देश दिनका लागि व्यवसायसंगै सामाजिक सेवामा पनि केही सचेतना पुगोस् भन्दै विभिन्न जिल्लामा शिविरहरु सञ्चालन गरिएको बताए । शिविरमा दन्तरोग विशेषज्ञ डा.काजल श्रेष्ठसहितको प्राविधिक टोलीले सेवा दिएको थियो । उक्त शिविरमा १ सय १४ जना व्यवसायीले सेवा लिएका छन् ।

हाटबजार व्यवसायी संघका निवर्तमान अध्यक्ष भीमलाल ज्ञवाली, संघका सल्लाहकार छविलाल चापागाईं, कार्यक्रम संयोजक माधव सापकोटालगायतले बोल्दै संस्थाले व्यवसायीको हितका लागि दन्त शिविर कार्यक्रम अत्यन्त फलदायी हुने बताए ।

सोही अवसरमा हाटबजार व्यवसायी संघ रुपन्देही र आधुनिक समाज डेण्टल केयर प्रालिबीच मुख तथा दन्त स्वास्थ्यसम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ । हाट बजार व्यवसायी संघका अध्यक्ष जिसी र आधुनिक समाज डेण्टल केयर प्रालिका अध्यक्ष भुसालबीच दाँत तथा मुख स्वास्थ्यसम्बन्धी सेवा प्रदान गर्न दुई वर्षका लागि सम्झौता गरिएको हो ।

यो सम्झौतासँगै संघमा आबद्ध व्यवसायी सदस्यहरुका लागि परिचयपत्रका आधारमा दात तथा मुख स्वास्थ्यसम्बन्धी उपचारमा ३५ प्रतिशतसम्म छुटको व्यवस्था गरिएको छ । संघले सामाजिक उत्तरदायित्वअन्तर्गत रक्तदान, सरसफाइ, स्वास्थ्य शिविरलगायतका कार्यक्रम गर्दै आएको छ । संघकी उपाध्यक्ष शोभा पोखेलको स्वागत तथा महासचिव हुमाराम पोखरेलको सञ्चालनमा शिविर सम्पन्न भएको थियो ।

## एक वडा ...

योसँगै राप्ती सोनारी गाउँपालिकाका सात वडामा प्रसूतिगृह सञ्चालनमा आएका छन् ।

कुसुम, कचनापुर, बैजापुर, विनौना, फत्तेपुर र ढकेरीमा यसअघि नै प्रसूतिगृह सञ्चालनमा आइसकेका छन् । अब यो आर्थिक वर्षमै वडा नं ८ शम्शेरगञ्जमा पनि प्रसूतिगृह सञ्चालनमा ल्याइने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश देवकोटाले जानकारी दिए ।

वडा नं.६ कमैयाडाँडास्थित आधारभूत स्वास्थ्य सेवा केन्द्रमा प्रसूतिगृह सञ्चालनमा आएपछि सुत्केरी हुन सदरमुकाम नेपालगञ्ज पुग्नुपर्ने बाध्यताको अन्त्यसँगै आमा र नवजात शिशु मृत्युदरमा सुधार आउने उनले विश्वास व्यक्त गरे ।

कमैयाडाँडा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा अहिले तीन जना पारामेडिक्स, दुई जना नर्स, एक जना सरसफाइकर्मी र एक जना कार्यालय सहयोगी गरी सात जना कर्मचारी कार्यरत छन् । प्रसूतिगृह सञ्चालनपछि भने जनशक्तिको अभाव हुने अनमी तिलसरी घर्तीले बताए ।

रु.२६ लाख २४ हजार ९ सय ५८ मा प्रसूतिगृह भवन निर्माण सम्पन्न भएको राप्ती सोनारी गाउँपालिका वडा नं ६ का वडाध्यक्ष लवराज खरेलले जानकारी दिए । वडा नं ६ मा गर्भवती तथा सबैखाले बिरामीको सहजताका लागि एम्बुलेन्स सेवा पनि सञ्चालनमा ल्याइएको छ ।

नेपाल रेडक्रस सोसाइटीको रु.२४ लाख र गाउँपालिका र वडा कार्यालयको करिब रु.एक लाखको सहयोगमा एम्बुलेन्स सेवा पनि सञ्चालनमा ल्याइएको वडाध्यक्ष खरेलले बताए ।

# महिलाहरुमा फुटबलको ऊर्जा भर्दै पुल्चोक

गुल्मी, असोज ९ (मेसस) । गुल्मीको पुल्चोक स्पोर्ट क्लब लामो समयदेखि महिला फुटबल खेलाडी उत्पादनको दौडमा छ । फुटबल सामान्य जोशले हुँदैन । यो खेलमा शारीरिक तन्दुरुस्तीसँगै दौड, बल र विवेक महत्वपूर्ण हुन्छ । कडा परिश्रम गर्ने खेल भएकाले स्वभाविक रुपमा कम महिलाहरु खेल मैदान पस्छन् । उनीहरुलाई शारीरिक रुपमा कमजोर ठान्ने पारिवारीक तथा सामाजिक सोंचका कारण व्यक्ति आफै पनि कम उत्सुक देखिन्छन् ।

पुल्चोक स्पोर्ट क्लबले छात्राहरुलाई फुटवलको क्षेत्रमा उत्साहित गरिरहेको छ । लामो समयदेखि प्रतियोगीतामा आयोजना गरेर गाउँसम्म पनि फुटबलको मोह बढउने क्लबको उद्देश्य भएपनि विद्यालयहरुको चासो कम, खेल संरचनाहरुको अभाव र खेलकुदको महत्वका बारेमा परिवार तथा समुदायमा सचेतना नहुँदा सोचेअनुसारको उपस्थिति भई नरहेको क्लबका उपाध्यक्ष सन्तोष न्यौपानेले जानकारी दिए ।

बिगतको प्रतियोगीतामा पनि रेसुङ्गा नगरको नजिकको पालिका इश्माको पालुखा माविले मात्रै सहभागीता जनायो । उसले खेलमैदानमा देखाएको उत्कृष्टताले शिल्ड नै पोल्टामा नपरेपनि गाउँको सम्भावना उजागर गर्न सक्यो । अहिले पनि सोही विद्यालयले मात्रै सदरमुकाम बाहिरबाट सहभागीता जनाएको छ ।

१० देखि १३ असोजसम्म सञ्चालन हुने चौथो जिल्लाका विद्यालयस्तरीय छात्रा फुटबल प्रतियोगीताको सम्पूर्ण तयारी पूरा भएको छ । प्रतियोगीतामा ११ समूहले प्रतिस्पर्धा गर्दैछन् । रेसुङ्गा नगरपालिकाका १० र इस्मा गाउँपालिकाको एउटा समूहले प्रतियोगितामा भाग लिने क्लबका महासचिव प्रकाश मरासिनीले जानकारी दिए । प्रतियोगितामा कक्षा १० सम्ममा छात्राहरु मात्रै सहभागी हुन पाउनेछन् ।

अहिलेसम्म समूह दर्ता, प्रतिस्पर्धी समूह विभाजन र खेलमैदान व्यवस्थापनको सम्पूर्ण काम सकिएको मरासिनीले बताए । पहिलो दिन सिद्धबाबा मावि र भगवति मावि तथा अर्जुन आवसीय मावि र ब्रिलियण्ट युनाइटेड एकेडेमीले प्रतिस्पर्धा गर्नेछन् । आदर्श विद्या आश्रम, पालुखा मावि, ब्राइटर इंग्लिस बोर्डिङ्ग स्कुल, गण्डकी बोर्डिङ्ग स्कुल, महेन्द्र मावि र रिर्डस पब्लिक हाइस्कुलले पनि प्रतिस्पर्धामा भाग लिएका छन् ।

प्रतियोगीता सञ्चालनको पूर्वसन्ध्यामा क्लबले शिल्ड अनावरण गरेको छ । रेसुङ्गा नगरपालिकाकी उपप्रमुख अमृतादेवी कुँवरले चौथो पुल्चोक कप (२०८०) को शिल्ड अनावरण गरेकी छन् । प्रतियोगीताको बिजेताले ३० हजार नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र पाउनेछ ।

## आवश्यकता

गौतमबुद्ध सामुदायिक स्वास्थ्य संस्थाद्धारा संचालित यस गौतमबुद्ध सामुदायिक मुटु अस्पतालका लागि निम्न पदमा पदपुर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक नेपाली नागरिकहरुले आफुले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभवका प्रमाणपत्रहरु काउन्सिलमा दर्ता भएको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र आफ्नो बायोडाटा संलग्न गरि दरखास्त फाराममा आवश्यक विवरण स्पष्टसंग बुझिने गरि हालचालै खिचिएको १ प्रति फोटो सहित २०८०/०६/१६ गते मंगलबारभित्र शुल्क सहित दरखास्त पेश गर्नुहुन यो सुचना प्रकासित गरिएको छ ।

| S. N. | Designation | No. | Qualification | Reg. Fee |
|---|---|---|---|---|
| 1. | Staff Nurse | 3 | Pcl Nursing with Basic and Advance Dialysis Training or 1 year experience in Dialysis Unit. | 300 |
| 2. | C.M.A | 1 | CMA (preference will be given to those with minimum of 1 year experience in Ultrasound, Echo, Endoscopy) | 200 |

- दरखास्त फाराम लिने र पेश गर्ने स्थान: गौतमबुद्ध सामुदायिक मुटु अस्पताल बुटवल, रामनगर
- परिक्षाको किसिम: अन्तर्वार्ता ।

पदपूर्ती समिति

gbc Heart Hospital गौतमबुद्ध सामुदायिक मुटु अस्पताल
(गैर नाफामुखी संस्था)
बुटवल-१०, रामनगर, फोन: ०७१-५३६१९७, ५३६३०१, ५३६६०२, ५३६३१५
Email:gbchearthospital@gmail.com

## ट्वाइलेट सफा गराउनुहोस्

सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस् ।

पाल्पाली मगर सेनेटरी
बुटवल-१७, मोतीपुर, रुपन्देही
फोन: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाइको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङको बेला पनि सेवा दिइनेछ ।

तिनाउ सेनेटरी
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला ।
बुटवल-१०, सुख्खानगर, रुपन्देही
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनु परेमा

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

बुटवल सेनेटरी प्रा.लि.
फोन: ९७४५४०५९७३
९८०७४०९८५२

## फूलबोडी चेकअपमा २५% छुट

विश्व मुटु दिवस २०२३ को अवसरमा मिति २०८० असोज १ गतेदेखि २०८० असोज १५ गतेसम्म फुलबोडी चेकअपमा विशेष छुटको व्यवस्था गरिएको हुँदा आफ्नो स्वास्थ्य परीक्षण गराउनुहुन अनुरोध गर्दछौं ।

| GBC Master Health Check-up (A+) | GBC Master Health Check-up (A) | GBC General Health Check-up (B) | GBC General Health Check-up (C) |
|---|---|---|---|
| ~~Rs. 14000/-~~ | ~~Rs. 11000/-~~ | ~~Rs. 8000/-~~ | ~~Rs. 5500/-~~ |
| Rs. 10500/- | Rs. 8250/- | Rs. 6000/- | Rs. 4125/- |

वरिष्ठ मुटुरोग विशेषज्ञ, मृगौलारोग विशेषज्ञ तथा जनरल फिजिसियनबाट परामर्श ।

नोट: ओ.पि.डि. सेवा ३६५ दिन सार्वजनिक विदाको दिनमा समेत ।

gbc Heart Hospital गौतमबुद्ध सामुदायिक मुटु अस्पताल
(गैर नाफामुखी संस्था)
बुटवल-१०, रामनगर, फोन: ०७१-५३६१९७, ५३६३०१, ५३६६०२, ५३६३१५
Email:gbchearthospital@gmail.com

## तपाई नि:शुल्क तालिमको खोजीमा हुनुहुन्छ ?

UKaid र सीपको सहकार्यमा नसिव गार्मेन्ट उद्योग परिसरमा फरक फरक विधाको तालिम लिने अवसर नछुटाउनुहोस् पैसा पनि नचाहिने रोजगार पनि पाइने....



तालिमहरू:
- Cutting/Layering
- Sewing Buttoning
- Finishing, Packing
- Checking, Thread Triming

थप जानकारीका लागि:
सहकार्य सीप SKILLS FOR EMPLOYMENT PROGRAMME UKaid from the British people
नसिब गार्मेन्ट उद्योग प्रा. लि.
तिलोत्तमा-१४, रुपन्देही
फोन: ९८०२७८४२६४, ९८०१३०४९३६

मेचीकाली सन्देश प्रकाशन प्रा.लि. बुटवलद्वारा प्रकाशित मेचीकाली सन्देश राष्ट्रिय दैनिकका लागि: अध्यक्ष- होमराज बस्याल, प्रधान सम्पादक- बसन्तराज खनाल, कार्यकारी प्रमुख- विष्णु गैरे
प्रधान कार्यालय: बुटवल-९, मिलनचोक, रुपन्देही, फोन: ०७१-५३६००५, ५३१५२१ (प्रशासन/विज्ञापन), ५५४०८८ (सम्पादन), Email:mechikalidaily@gmail.com (News), mechikaliadd@gmail.com (Advt.) Website: www.mechikalinews.com,मुख्य शाखा कार्यालय: भैरहवा फोन: ०७१-५७६१३६